CLASS XI ADMISSION
Arts/Science/Commerce
CBSE Affiliated School
COMBINED COURSES FOR
Regular School/NEET-JEE/NDA,CDS
Coaching for Admission in College & University
SIKKIM SUPER 30-9832539409
Press Club, Building, Opp.Janta Bhawan Gangtok
Only 30 Students in Class



सिक्किम र आसामबाट एकैसाथ प्रकाशित

# हाम्रो प्रजाशक्ति



BRILLIANT COACHING
Registration for 1 month NEET 2017
Crash Course & Regular Course has Started at Gangtok & Siliguri Centre
www.facebook.com/brilliant.coaching



वर्ष - १८, अंक - ६९ ■ वि.सं. २०७४, बैशाख ३० गते ■ गान्तोक, शनिवार १३ मई, २०१७ www.hamroprajashakti.com ■ MAY 13, 2017, SATURDAY, GANGTOK ■ मूल्य ₹ ५/-


## तनाउपूर्ण अवस्थामा प्रचार अभियान थामियो

# प्रशासनले जानीजानी समस्या गर्न खोज्दैछ - विमल

**डी.के. वाइबा**

**कालेबुङ १० मई।** नगरपालिका चुनाउको अन्तिम प्रचार अभियानमा गोर्खा जनमुक्ति मोर्चालाई पनि नगरपालिका क्षेत्रमा बसोबास गर्ने मानिसहरूको पर्चा-पट्टाको समस्या याद आएको छ। चुनाउ प्रचार समाप्त हुन अघि गोर्खा जनमुक्ति मोर्चाका अध्यक्ष विमल गुरुङले कालेबुङ नगरपालिकाको वार्ड नम्बर १ अनि वार्ड नम्बर ११ मा बसोबास गर्ने मानिसहरूलाई आफ्नो जमीनको मालिकाना हक दिलाउने घोषणा गरेका छन्। ‘त्यस गाउँ घर (१नम्बर वार्ड) लाई राम्रो नियन्त्रण गरेर मैले ढट्टा पट्टा दिनुपर्छ अनि त्यो मेरो नगरपालिकाको पहिलो बोर्ड मिटिङको सभामा प्रस्ताव पारित गर्नेछ। भोजपुरी समाजाका दाजुभाइहरूको समस्या पहिलो बोर्डले पास गर्छ। रेजुलेसन बोर्डले लिन्छ पैसा म दिन्छु। पैसा जीटीएले दिन्छ। ११ नम्बर वार्डमा डरलाग्दो अवस्थामा मानिसहरू बसेका छन्। मलाई देखेर माया लाग्यो। त्यहाँको पनि बोर्डले पहिलो सभामा प्रस्तावमा पारित गर्छ। दुई-तीन करोड लाग्छ भने लागोस् म बनाएर दिन्छु। त्यस क्षेत्रको जति पनि घरहरू छन् त्यस क्षेत्रमा पनि ढट्टा पट्टा दिने जिम्मेवारी मेरो। सुर्ता गर्न पर्दैन’ गोजमुमो अध्यक्ष विमल गुरुङले चुनाउ प्रचार अभियानको अन्तिम दिनमा आयोजित जनसभालाई सम्बोधन गर्दै भने।



उनले जनसभालाई सम्बोधन गर्ने क्रममा तृणमूल कङ्ग्रेसले आतङ्क सृष्टि गर्ने कार्य गरिरहेको पनि आरोप लगाएका छन्। ‘तृणमूल कङ्ग्रेसले आतङ्क फैलाएर राजनीति गर्दैछ। पुलिसलाई पनि सञ्चोले बस्न दिएको छैन। एसपी, डीएम गोजिमा राख्छ’ विमल गुरुङले भने। मुख्यमन्त्री ममता ब्यानर्जीले ३५ चोटि पहाड आउँदा गोर्खा जातिलाई टुक्रा-टुक्रा पारेको अनि आफूले त्यहीँ टुक्रिएको जातिलाई टाल्ने कार्य गरिरहेको आरोप लगाए। ‘म त च्यातेको जातिलाई सिउँदै हिँड्ने मानिस हुँ। जति च्यात्छौ च्यात, म सिउँछु। यसको परिणाम १४ तारिक देख्नेछौं’ विमल गुरुङले तृणमूल कङ्ग्रेसलाई चुनौती दिँदै भने।

पहाडलाई विभजान गर्ने तृणमूल कङ्ग्रेसले मधेसमा आफ्नो धरातल बलियो बनाउने कार्य गर्नु भनि सुझाउ दिएका छन्। ‘ममताले घाँसफुलमा पानी हाल्ने कार्य गर्नु। अब घाँसफुलमा डँडेलो लाग्नेछ। आगमी १४ मईका दिन हामी यहाँ त घाँसफुल समाप्त गर्नेछौं अनि मधेसमा पनि कमल फुल्नेछ’ विमल गुरुङले अझ भने। उनले आज पनि कतिपय वार्डहरूमा जन आन्दोलन पार्टीसँग मोर्चालाई कडा टक्कर हुने सम्भावना व्यक्त गर्दै तृणमूल सरकारले जन आन्दोलन पार्टी अनि गोजमुमो पार्टी माझमा लडाई लडाउने षड्यन्त्र

▶रहल पाता २-मा

### गर्जिए विमल

- मुख्यमन्त्रीले ३५ चोटि पहाड आउँदा गोर्खा जातिलाई टुक्रा-टुक्रा पारिन्
- त्यही टुक्रिएको जातिलाई टाल्ने काम गर्छु
- जति च्यात्छौ च्यात, म सिउँछु
- ममताले घाँसफुलमा पानी हाल्ने काम गर्नु, अब घाँसफुलमा डँडेलो लाग्नेछ
- हाम्रो जग्गामा हामीलाई अतिक्रमण गर्नु अनुचित
- हाम्रै जग्गामा अन्याय अत्याचार सहन गर्नेछैनौं
- कालेबुङका जिल्लापाल, जिल्ला पुलिस अधीक्षक, महकुमा अधिकारीहरू होसियार

## तृणमूल प्रार्थी पवन सुन्दास गोजमुमोमा सामेल



**कालेबुङ।** तृणमूल कङ्ग्रेस पार्टीका प्रार्थी पवन सुन्दास चुनाउ प्रचारको अन्तिम दिन गोर्खा जनमुक्ति मोर्चामा सामेल भएका छन्। कालेबुङ नगरपालिकाको वार्ड नम्बर १ वाट तृणमूल कङ्ग्रेस पार्टीको टिकटमा खडा भएका पवन सुन्दास आज गोजमुमो पार्टीमा सामेल भएका हुन्। मेला ग्राउण्डमा आयोजित गोजमुमो पार्टीको चुनावी जनसभामा सुन्दास तृणमूल त्यागेर गोजमुमोमा सामेल भएका हुन्। उनलाई आज गोर्खा जनमुक्ति मोर्चाका अध्यक्ष विमल गुरुङले पार्टीकोप झण्डा प्रदान गरेर पार्टीमा सामेल गराएका छन्। यस अवसरमा सुन्दासले सम्बोधन गर्दै तृणमूल मन्त्रीहरू क्रमैले इन्द्रनील सेन अनि अरुप विश्वास गोर्खा जातिलाई फुटाउने वक्तव्य दिएको आरोप लगाउँदै तृणमूल कङ्ग्रेस त्यागेर मोर्चामा सामेल भएको घोषणा गरेका छन्। ‘आज तृणमूल नेता इन्द्रनिल सेनले गोर्खा जातिका विमल गुरुङलाई बक्सामा हालेर जिल्ला कटाउने जस्ता आपत्तिजन अनि अपमानित बयान दिएको विरुद्धमा मैले तृणमूल कङ्ग्रेस त्यागेर मोर्चामा सामेल भएका हुँ’ पवन सुन्दासले भने। यता तृणमूल प्रार्थी गोजमुमो पार्टीमा सामेल भएपछि अब पहाडमा तृणमूलको हार निश्चित बनेको गुरुङले दाबी गरेका छन्।



## पिताको आत्मा शान्तिको कामना गर्दै चामलिङले बाले बत्ती

**गान्तोक, १२ मईः** मुख्यमन्त्री पवन चामलिङले पिता स्व. आशबहादुर चामलिङको आत्माशान्तिको कामना गर्दै आज यहाँको प्रख्यात ईञ्चे गुम्बामा बत्ती बाले। यस अवसरमा मुख्यमन्त्रीका परिवारका सदस्यहरूको पनि उपस्थिति रहेको थियो। उल्लेख्य, स्व. आशबहादुर चामलिङको स्वर्गवास भएको आज ४९ दिन पूरा भएको छ। यस अवसरमा ईञ्चे गुम्बामा विशेष पूजाको आयोजना गरिएको थियो जसमा गुम्बाका लामाहरूले मन्त्रोच्चारण गरेर स्वर्गवासी आत्माको शान्तिको कामना गरे। आज मुख्यमन्त्री चामलिङले ईञ्चे गुम्बामा बत्ती बाल्दा पूर्व विधायक आचार्य छिरिङ लामा पनि उपस्थित थिए।

## वार्ड ३ का निर्दलीय प्रार्थीले दिए गोजमुमोलाई समर्थन

**मिरिक, १२ मई।** मिरिक नगरपालिका क्षेत्रको वार्ड नं० ३



बाट निर्दलीय प्रार्थीको रूपमा चुनावी मैदानमा उत्रिएका प्रवीण सुब्बाले गोजमुमोलाई समर्थन गर्ने घोषणा गरेका छन्। भारतीय गोर्खा सैनिक, अर्द्धसैनिक मोर्चामा कर्मठ सदस्य रहेका प्रवीण सुब्बाले पार्टीलाई पहिलादेखि नै सहयोग गर्दै आएको भए पनि मोर्चाका स्थानीय नेता अनि केन्द्रिय समितिले टिकट दिँदा सैनिक मोर्चालाई एकपल्ट पनि नसोधि टिकट दिएपछि आफूले निर्दल प्रार्थीको रूपमा उत्रिने निर्णय लिएको बताए। यद्यपि जातीय एकता र अस्तित्वको लड़ाईंमा आफूले निर्दल प्रार्थीको रूपमा नलड़ेर मोर्चालाई नै सहयोग गर्नु उचित सम्झेर मोर्चा प्रार्थी पाल्माङ बम्जनलाई समर्थन दिएको उनले बताए। स्थानीय सैनिक भवनमा आज बसेको सभामा उनले उपरोक्त कुरा भनेका हुन्। सभामा उपस्थित रहेका नगरपालिका चुनाउ मिरिकका पर्यवेक्षक ज्योति कुमार राईले यसरी निर्दल प्रार्थी प्रवीण सुब्बाले मोर्चालाई नै समर्थन दिने घोषणा गरेपछि मिरिकमा नौ वटा वार्डमै मोर्चा बलियो बनेको बताए।

## दुष्कर्मको आरोपमा युवक पक्राउ

**सिलगड़ी, १२ मई।** मतिगड़ा थाना पुलिसले नाबालिकासँग दुष्कर्म गरेको आरोपमा एकजना युवकलाई पक्राउ गरेको छ। पुलिसले जनाएअनुसार पक्रा पर्ने युवकको नाउँ सञ्जीव महतो हो र उ मतिगड़ा थानाअन्तर्गत शिशाबारी गाउँको नासिन्दा हो। विवाहित त्यस युवकले बालासन कलोनीकी बासिन्दा १५ वर्षीया किशोरीलाई फकाई-फुस्लाई विगत केही दिनदेखि लगातार दुष्कर्म गर्दै आइरहेको आरोप छ। किशोरीकी आमाले थानामा प्राथमिकी दर्ता गरेको आधारमा मतिगड़ा थाना

▶रहल पाता ३-मा

## डीसी कोर्ट स्ट्याण्ड परिसरमा अव्यवस्थित सड़क मार्गले दिनहुँ ट्राफिक जामको समस्या

**गान्तोक, १२ मईः** यहाँको सिच्छेस्थित जिल्लापाल कार्यालय स्ट्याण्ड परिसरमा सड़कको स्थिति अव्यवस्थित बन्न थालेपछि दिनदिनै यातायातमा समस्या उत्पन्न हुन थालेको छ। बर्खायाम जति-जति नजिकिँदैछ उति नै सड़कको अवस्था पनि जीर्ण बन्दै गइरहेको छ। विभिन्न किसिमका केबल तारहरू, सिवरेजका पाइपहरू गाड्नका लागि सड़क खननको कार्य अनि लापर्वाही ढंगमा विभिन्न किसिमका संरचनाहरू यसरी बसालिने कार्यले पनि सड़कको अवस्था नाजुक बन्दै गइरहेको स्थानीयवासीको भनाइ छ। अर्कोतिर, साँघुरो जमीनी सतह, दिनदिनै वाहनहरूको बढ्दो संख्या, पर्यटन मौसम चलिरहेकोले हिजो-आज यस स्थानमा घण्टौंसम्म ट्राफिक जाम हुने गरेकोले वाहन चालक र यात्रीहरूको टाउको दुखाइ छ। विशेष गरेर कार्यालयको समयमा यस सड़क मार्गमा धेरै



लामो समयसम्म ट्राफिक जाम हुनेगरेको छ भने दिनमा अनेकन वाहनहरू यसै स्थानमा फस्ने गरेकोले ट्राफिक जामको समस्या झनै बढ्ने गरेको छ। यहाँ दिनहुँ ट्राफिक जाम हुने गरेको छ, गाड़ीहरू फस्ने गरेकोले आधा सिच्छेसम्म गाड़ीको ताँत लाग्ने गरेको छ, स्थानीय एक ट्याक्सी चालकले यस किसिमको गुनासो गरे। यहाँ अव्यवस्थित ढंगमा सड़कको टर्निङ राखिएको छ तथा ठूला-ठूला वाहनहरू टर्निङ लिनपर्दा पछिपट्टिको चक्का सोझै नालीमा झर्ने गरेकोले पटक-पटक समस्या उत्पन्न भइरहेको छ। सड़कको दुवै भाग एकदमै साँघुरो भएकोले एकपछि अर्को गर्दै पालो पर्खेर टर्निङ लिनपर्ने हुनाले धेरै समय लाग्ने गरेकोले ट्राफिक जामको समस्या छ। सम्बन्धित पक्षले बर्खायाम शुरू हुन अघिनै यस स्थानमा यातायात सुचार गर्ने दिशामा पहल नगरे स्थिति झनै जटिल बन्दै जाने सम्भावना प्रबल छ।

स्मरण रहोस्, सिच्छेको डीसी कोर्ट हुँदै जाने सड़क मार्ग दक्षिण अनि पश्चिम जिल्लाको मुख्य सड़कमार्ग हो। यसै सड़क मार्गमा दिनहुँ हजारौंको संख्यामा वाहनहरू आवत-जावत गर्ने गरेको छ। साना र ठूला दुवै किसिमका वाहनहरू यसै सड़कमार्गमा गुड्ने गरेकोले सम्बन्धित विभागले उक्त स्थानमा वाहनहरूको चलाचल सुगम बनाउने दिशामा शीघ्र पाइला चाल्नुपर्ने सरोकारवालाहरूको भनाइ छ।

## जापलाई हराउन गोजमुमो तृणमूलको साँठ-गाँठ छ- डा. हर्कबहादुर छेत्री

**कालेबुङ १० मई।** चुनाउ प्रचारको अन्तिम दिन जन आन्दोलन पार्टीले कालेबुङ शहरमा जुलूस निकालेर जनसभा आयोजना गरेको छ। ‘एक मौका जापलाई’ स्लोगान लगाएर जाप कार्यकर्ताहरूले कालेबुङ शहरमा जुलुस निकालेका थिए भने सो जुलूसले शहर परिक्रमा गरिसकेपछि थाना डाँडामा आएर जनसभामा परिणत भएको थियो। गोजमुमो पार्टीको मेला ग्राउण्डमा जनसभा चलिरहेको अवस्थामा जाप कार्यकर्ताहरूले चुनावी जुलुस निकाले पछि तनाव हुने सम्भावना बढे पनि त्यहीँ समय भने कुनै तनाव भएन। यद्यपि पछिबाट मोर्चाको जनसभा समाप्त भएर जापको जनसभा चलिरहेको अवस्थामा जुलुस निस्केपछि भने शहरमा तनाउपूर्ण वातावरण बनिएको थियो। जसलाई साम्य पार्न थाना प्रभारी सडकमा आफै ओर्लिएका थिए।



‘कालेबुङ शहरलाई भ्रष्टचारीहरूले बर्बाद बनाएको छ। यस्ता भ्रष्टचारिहरूलाई जनताले पुन: चुनेर नगरपालिकालाई भ्रष्टाचार गर्नेहरूको अखडा बन्न नदिनका निम्ति जन आन्दोलन पार्टी अघि आएको छ’ जाप अध्यक्ष डा. हर्कबहादुर छेत्रीले जनसभालाई सम्बोधन गर्दै भने। यसक्रममा उनले नगरपालिका चुनावमा जापलाई परास्त गर्नका निम्ति गोजमुमो अनि तृणमूल कङ्ग्रेसमाझमा साँठ-गाँठ रहेको आरोप लगाए। ‘नगरपालिकामा जापले बोर्ड बनाएको खण्डमा पहिलो प्राथमिकता पानीलाई दिनेछ। यसको साथै हामी भ्रष्टचार मुक्त नगरपालिका निर्माण गर्नेछौं। आज गोजमुमो र तृणमूल सबै भ्रष्टाचारीहरूको अखडा हो। दुवै दलले नगरपालिकालाई भ्रष्ट बनाउनेछ’ डा. छेत्रीले भने। उनले तृणमूल कङ्ग्रेसका नेताहरू अहिलेघरी नारदा, सारदा, रोजभ्याली जस्ता कम्पनीहरूको पैसा खाएर

▶रहल पाता २-मा

## सिगा परियोजनाको विरोधमा नागरिक उत्रिए सड़कमा

### ९ मईदेखि भोक हड़ताल, कसैले चासो नदिएको गुनासो

**गोजिङ।** पश्चिम सिक्किमको योकसम टाशिडिङ अनि ङथाङ बीचको लधुङ खोलामा सिगा विद्युत परियोजनाको प्रबन्धकहरूद्वारा स्थानीय मानिसहरूलाई ठगेको विरोध जनाउँदै यस क्षेत्रका वासिन्दाहरूद्वारा विरोध गर्दै गत ९ मईदेखि भोक हरतालमा बसेका छन्।

गाउँलेहरुको भनाइ अनुसार, सो परियोजना शुरू गर्दा गाउँलेहरूलाई जमीनको सट्टा ३५ वर्ष नौकरी दिने सम्झौता गरिएको थियो साथै परियोजनाले गर्दा क्षति पुऱ्याएको जमीनहरूमा देवाल लगाई सुरक्षा गरिदिने इत्यादि सम्झौता गरिएको थियो तर परियोजना शुरू गरेको चार वर्ष पुग्दा नपुग्दै जमीनदाताहरूलाई नौकरीबाट काम सकियो भनेर नौकरीबाट निकालियो। त्यस विषय धेरै चोटी शिकायत गर्दा पनि कुनै कार्यवाही भएन न त यस विषय



कुनै विधायक न त कुनै नेताले चासो लिएर न्याय नै दिलायो कम्पनीको यस्तो स्थानीय जन विरोधी कार्यकलापको विरोधमा भुक्तभोगी स्थानीय जनताहरू गत ९ मईको दिनदेखि भोख हड़तालमा छन्। उनीहरूको भनाइ अनुसार, कम्पनीसित सम्झौता अनुसार आफ्नो जमीन सिगा विद्युत परियोजनालाई दिएका थिए तर सम्झौताको उल्लङ्घन गर्दै कम्पनीले चार वर्षमा नै काम सकियो भनेर नोकरीबाट निष्कासित गरायो। परियोजनाले गर्दा यहाँका नागरिकको जमीन चर्किएर गएको छढ जमीन पूर्ण रूपमा क्षतिग्रस्त बनेको छ। न त सुरक्षा पर्खाल लगायो न त स्थानीयलाई सुरक्षा नै दियो।

स्थानीय निवासी धनबहादुर निवासी अनुसार, परियोजनाको निम्ति सड़क निर्माण गर्दा धेरै जमीनहरूलाई नोक्सानी भएको छ त्यसको पनि कम्पनीले क्षतिपूर्ति दिएको छैन। सब कुराको जानकारी स्थानीय पञ्चायत, विधायकहरू सबैलाई दिइएको छ तर पनि आजसम्म कोही पनि यस विषय जानकारी लिन हामी माझ आएका छैनन् न त कुनै कार्यवाही गरेका छन्। जबसम्म न्याय पाउँदैनौं तबसम्म हामी आफ्नो भोक हड़ताल जारी रहने घनबहादुर लिम्बूले जनाएका छन्।

## ‘चुनाउ भ्रष्टाचार बनाम शिष्टाचारको लड़ाईं हो’

# विमल गुरूङले बाँढ़ेका सबै चेक बाउन्स हुनेछ-अरुप विश्वास

**मिरिक, १२ मई।** तृणमूल कङ्ग्रेस पार्टी गरीब निमुखा जनताको भलो गर्ने पार्टी हो। ३४ वर्षे वामफ्रण्ट सरकारलाई परिवर्तन गरेपछि यस पार्टीले बङ्गालमा धेरै विकास गर्न सक्षम बनेको छ। पहाड़लाई पनि मुख्यमन्त्री ममता ब्यनर्जीले स्वीट्जरल्याण्ड बनाउने इच्छा राखेकी छन्। अब समय आएको छ मुख्यमन्त्रीको इच्छा पूरा हुने। यसको निम्ति १४ मईको दिन भइरहेको नगरपालिका चुनाउमा तृणमूल कङ्ग्रेस का प्रत्याशीहरूलाई भोट दिएर विजय गराउनुपर्छ। उपरोक्त मन्तव्य राज्यका पीडब्ल्यूडी मन्त्री एवं हिल तृकं प्रभारी अरूप विश्वासले आज मिरिकमा आयोजित चुनावी जनसभालाई सम्बोधन गर्ने क्रममा व्यक्त गरेका हुन्। पहाड़का चारैवटा नगरपालिकामा पार्टीको जीत निश्चित रहेको दाबी गरे। उनले भने, पहाड़को विकासको निम्ति राज्य सरकारले जीटीएलाई ४ हजार ७ सय करोड़ रुपियाँ दिएको थियो तर जीटीएमा विकासको नाममा भ्रष्टाचार



मात्र भएको छ। चुनाउको मुखमा रुपियाँ बाँढ़ेर मोर्चाले भोट किन्न खोजिरहेको छ। तर जनता सचेत बन्नुपर्छ। पैसाले विकास हुँदैन, बाटोघाटो बनिन्दैन, पिउने पानीको समस्या समाधान हुँदैन। मिरिक पर्यटन केन्द्रको अवस्था एकदमै नाजुक बनेको छ। यसको गरिमा फर्काइल्याउन चुनाउ सकिनसाथ राज्य सरकारले पहल शुरू गर्नेछ, मन्त्री विश्वासले आश्वासन दिए। मिरिक नगरपालिकालाई नमूना नगरपालिका बनाउने सोच राखिएको अवगत गराउँदै उनले अघि भने, मिरिक नगरपालिकामा तृणमूल कंग्रेस पार्टीको बोर्ड गठन भए सोझै राज्य सरकार मार्फत क्षेत्रको विकास हुनेछ। उनले आरोप लगाए, विमल गुरूङ राज्य सरकारको पैसामा घुमिरहेका छन्। तिनलाई राज्य सरकारले नै सुरक्षा दिएको छ। विमल गुरूङ ‘ब्राण्डेड’ गुरूङ भएका छन्। गुरूङसित जनतालाई बाँढ़ने पैसा कहाँबाट आयो? यो जनताको विकासको निम्ति आएको पैसा हो। भ्रष्टाचार गरेर कमाएको पैसा हो। पहाड़मा रोजगारको अवसर छैन। योग्यता भएकाहरूले पनि नौकरी पाइरहेका छैनन्। यहाँ उद्योगधन्धा

▶रहल पाता २-मा